# सखुवा प्रसौनी गाँउपालिका
# मधेश प्रदेश, पर्सा

## सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८२
### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

## १.परिचय

जिल्ला भित्र स्वीकृत तथा अनुमति प्राप्त गरी सञ्चालित विद्यालयहरुमा प्राथमिक तहदेखि माध्यमिक तहसम्मका शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा र प्रतिविद्यार्थी एकाई लागतको व्यवस्था गरिएको हुन्छ । प्रचलित नियमावलीले एक जना शिक्षकले सेवा पू्र्याउन सक्ने विद्यार्थी सङ्ख्या समेत किटान गरेको छ। सरकारबाट अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली नियम ९२ बमोजिम रहेका शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा (राहत) र मदरसा, गुम्बा / बिहार, गुरुकूल / आश्रम समेतका लागि विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्था गर्नका लागि स्रोत उपलब्ध गराई विद्यालयमा अध्ययनरत सवै वालबालिकाले समान रुपमा सिक्न पाउने अवस्था सुनिश्चित गर्ने उद्देश्यले व्यवस्था भएको अनुदान रकमबाट शिक्षक नियुक्ति गर्न तथा रिक्त रहेका विभिन्न तहका दरबन्दीमा करार शिक्षक नियुक्तिमा पारदर्शिता, निष्पक्षता र एकरुपता कायम गर्न र समान रुपमा दरवन्दी वितरण एवम् मिलान गर्ने सखुवा प्रसौनी गाउँकार्यपालिकाबाट यो कार्यविधि तयार गरिएको छ ।

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

१.१ यस कार्यविधिको नाम "सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि २०८२" रहेको छ ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट गाउँपालिका क्षेत्रभर प्रारम्भ भएको मानिनेछ ।

१.३ परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१.३.१ " शिक्षक दरबन्दी " भन्नाले स्वीकृत/अनुमति प्राप्त सामुदायिक विद्यालयमा तहगत रुपमा वितरण गरिएको स्थायी दरवन्दीलाई बुझाउँछ ।

१.३.२ "शिक्षक अनुदान कोटा (राहत)" भन्नाले स्वीकृत/अनुमति प्राप्त सामुदायिक विद्यालयमा तहगत रुपमा वितरण गरिएको शिक्षक अनुदान कोटालाई बुझाउँछ ।

१.३.३ "प्रति विद्यार्थी एकाई लागत" भन्नाले सम्बन्धित तहको दरबन्दी र शिक्षक अनुदान कोटाबाट सोही तहको तोकिएको विद्यार्थी अनुपातको आधारमा शिक्षक सेवा नपाएका विद्यार्थीका लागि शिक्षक व्यवस्थापन गर्न स्वीकृत/अनुमति प्राप्त सामुदायिक विद्यालयमा तहगत रुपमा वितरण गरिएको अनुदान रकमलाई बुझाउँछ ।

१.३.४ "पूर्णकालिन शिक्षक " भन्नाले प्रतिविद्यार्थी एकाई लागत स्वरुप प्राप्त रकमबाट पूरै समय विद्यालयमा पठन पाठन गरेवापत करारको शर्तनामा तोकिए बमोजिको पारिश्रमिक पाउने गरी विद्यालय व्यवस्थापन समितिले नियुक्ति गरेको शिक्षकलाई सम्झनुपर्छ ।

१.३.५ "आंशिक शिक्षक" भन्नाले प्रतिविद्यार्थी एकाई लागत स्वरुप प्राप्त रकमबाट सेवा दिएको निश्चित समय (घण्टी) मा पठन पाठन गराए वापत विद्यालय व्यवस्थापन समितिले तोकेको पारिश्रमिक वा तलब भत्ता पाउने गरी नियुक्ति गरेको शिक्षकलाई सम्झनुपर्छ ।

१.३.६ "विषयक्रम" भन्नाले शिक्षा नियमावलीको अनुसूची १२ मा उल्लेखित नियम ९२ सँग सम्बन्धित आधारभूत तह (निमावि) र मावि तहका लागि प्राथमिकता तोकिएको विषयको क्रमबद्धता सम्झनुपर्छ ।

१.३.७ "शिक्षक छनौट समिति" भन्नाले शिक्षा नियमावली, २०५९ (संसोधन सहित) नियम ९६ (ख) मा र स्थानीय तहले बनाएको सामुदायिक विद्यालय सञ्चालन सम्बन्धी कार्यविधिमा व्यवस्था भएको समितिले छनौट गरेको समितिलाई स्थानीय तहको आर्थिक व्यवस्था भएको आधारमा कार्यविधिमा गरिएको संशोधन अनुसारको समितिलाई सम्झनुपर्छ ।

१.३.८ "करार" भन्नाले निश्चित सर्त र सीमा तोकी नियुक्त हुने प्रक्रियालाई सम्झनु पर्दछ।

१.३.९ "पूर्वप्राथमिक विद्यालय शिक्षक" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरुलाई पठनपाठन गर्ने शिक्षकलाई बुझाउने छ ।

१.३.१० "प्राथमिक शिक्षक" भन्नाले कक्षा १ देखि ५ सम्म पठनपाठन गर्ने शिक्षकलाई बुझाउँनेछ ।

१.३.११ "आधारभूत शिक्षक" भन्नाले विषयगत रुपमा ६देखि ८ कक्षामा अध्यापन गर्ने शिक्षकलाई बुझाउँनेछ ।

१.३.१२ "माध्यमिक शिक्षक" भन्नाले कक्षा ९-१० मा पठनपाठन गर्ने र कक्षा ११-१२ मा पठनपाठन गर्ने दरबन्दी र राहत अनुदान कोटामा कार्यरत शिक्षकलाई बुझाउँदछ ।

१.३.१३."सामाजिक विकास समितिका संयोजक" भन्नाले गाउँपालिकाका विषयगत क्षेत्र शिक्षा हेर्ने जनप्रतिनिधिलाई तोकिएको संयोजकलाई सम्झनु पर्छ ।

१.३.१४ "शिक्षा हेर्ने व्यक्ति" भन्नाले गाउँपालिकाले शिक्षामा कामकाज गर्न तोकिएको व्यक्तिलाई (शिक्षा संयोजक वा शिक्षा शाखा प्रमुख) सम्झनुपर्छ ।

१.३.१५ "शिक्षा अधिकृत" भन्नाले स्थानीय तहमा शिक्षा शाखामा स्थानीय तहका लागि स्थायी रुपमा दरबन्दीमा खटाएका शिक्षा अधिकृतलाई सम्झनुपर्छ ।

१.३.१६ "प्रमुख प्रशासकीय अधिकृत" स्थानीय तहमा संघीय तहको सम्पूर्ण कार्यको लागि तोकिएको अधिकृतलाई सम्झनुपर्दछ ।

१.३.१७ "दरवन्दी मिलान कार्यदल" स्थानीय तहमा शिक्षक दरवन्दी मिलान गर्न बनाइएको कार्यदललाई सम्झनुपर्दछ ।

१.३.१८ " शिक्षा विकास तथा समन्वय इकाई" भन्नाले जिल्लास्तरमा शिक्षा सम्बन्धी समन्वय गर्ने माथिल्ला निकायहरु तथा स्थानीय तहसँग समन्वय गर्ने इकाईलाई सम्झनु पर्दछ ।

१.३.१९ "इकाई प्रमुख" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइमा प्रमुख भई तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

१.३.२० "न्यूनतम शैक्षिक योग्यता" भन्नाले सम्बन्धित तहका लागि शिक्षकको लागि तोकिएको शैक्षिक योग्यतालाई सम्झनु पर्दछ ।

१.३.२१"माथिल्लो शैक्षिक योग्यता" भन्नाले सम्बन्धित तहका लागि तोकिएको योग्यताभन्दा माथिल्लो योग्यतालाई सम्झनु पर्दछ ।

# परिच्छेद - २

# उद्देश्य

२. उद्देश्यः

यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :-

२.१ विद्यालयको स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्रति विद्यार्थी एकाई अनुदानबाट विद्यालयमा नियुक्ति भएका शिक्षकहरुलाई ऐन, नियम, निर्देशिका, कार्यविधिका आधारमा मिलान गर्नु ।

२.२ आधारभूत तह (निमावि) र मावि तहको शिक्षक मिलान विषयगत क्रमबद्धताको सुनिश्चितता गर्नु ।

२.३ सामाजिक न्यायका आधारमा शिक्षक मिलान प्रक्रियालाई पारदर्शी बनाउनु।

२.४ शिक्षक मिलान प्रक्रियामा निष्पक्षता र एकरुपता ल्याई देखिएका समस्यालाई न्यूनीकरण गर्नु ।

२.५ गुणस्तरीय शिक्षाको सुनिश्चिततामा टेवा पुऱ्याउनु ।

२.६ स्थानीय तहमा शिक्षक मिलानको व्यवस्थापनमा सहयोग पुग्नु ।

# परिच्छेद-३

# शिक्षक व्यवस्थापनको प्रावधान

३. शिक्षक व्यवस्थापनको प्रावधानः

३.१गाउँपालिकामा प्राप्त भएको दरबन्दी, शिक्षक अनुदान कोटा (राहत), गाउँपालिकाबाट निर्धारण गरेका शिक्षक अनुदान र प्रतिविद्यार्थी लागत अनुदानबाट आवश्यक देखिएको आधारभूत तह (प्रावि, निमावि) मावि तहमा करारमा पूर्णकालीन वा आँशिक शिक्षकको व्यवस्था गरिनेछ ।

३.२ शिक्षक मिलान कार्यदल गठनः

३.२.१ सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी मिलानका लागि देहाय बमोजिमको एक शिक्षक मिलान, व्यवस्थापन तथा पुनर दरबन्दी मिलान कार्यदल रहनेछ । कार्यदलले तयार पारेको दरबन्दी मिलान सम्बन्धि प्रतिवेदन गाउँ शिक्षा समितिवाट निर्णय हुनासाथ लागु हुनेछ ।

क. १) गाउँ शिक्षा शाखा प्रमुख एक जना - संयोजक

क. २) मा.वि.तहका प्रधानाध्यापकमध्ये प्रधानाध्यापक एक जना सदस्य

क. ३) सामाजिक विकास समिति संयोजक- सदस्य

क. ४) शिक्षक महासंघ अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

क. ५) गाउँ शिक्षा शाखा सहायक कर्मचारीः- सदस्य सचिव

३.३ मिलान सम्बन्धी व्यवस्थाः

क. १) विद्यालयमा शिक्षक दरबन्दी प्राथमिक तहका लागि शिक्षक विद्यार्थी अनुपात एकिन गर्ने।

क. २) आधारभूत तह (साविक निमावि) र माध्यमिक तह (कक्षा ९-१०) मा विषयगतको क्रमबद्धताका क्रममा शिक्षक दरबन्दी एकिन गर्ने ।

क. ३) शिक्षक दरबन्दी मिलानको क्रममा प्राथमिक तहमा महिला एक जना अनिवार्य रहने गरी नियुक्तिको कनिष्टताका आधारमा स्थानान्तरण गरी व्यवस्थापन गरिनेछ ।

क. ४) विषयगतको क्रमबद्धता क्रममा एउटै विषयका एक भन्दा बढी भएमा नियुक्तिका आधारमा कनिष्टलाई मिलानको क्रममा स्थानान्तरण गरी व्यवस्थापन गरिने छ ।

क. ५) विद्यालयमा माथिल्लो तहमा दरबन्दी नभएमा दरवन्दीको व्यवस्था नभएसम्मका लागि माथिल्लो योग्यता भएको शिक्षकलाई विषयगत आधारमा मिलान गर्न सकिने छ ।

क. ६) मिलान गरी पठाएको शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराई जानकारी सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ। मिलान गरिएको शिक्षकलाई हाजिर नगराएमा दरबन्दीसहित अर्को आवश्यक भएको विद्यालयमा स्थानान्तरण गरिने छ।

क. ७) मिलानको क्रममा शिक्षक दरबन्दीको आधार स्थायी दरबन्दी र अनुदान कोटा (राहत) शिक्षकलाई गणना गरी विद्यालयगतको दरबन्दीका आधारमा गरिनेछ ।

यदि कुनै विद्यालयबाट स्थानान्तरण हुने विद्यालयमा जेष्ट शिक्षकले कनिष्टभन्दा इच्छुक भएमा दुबैको सहमतिमा पनि स्थानान्तरण गरिनेछ ।

## परिच्छेद-४
## विभिन्न निकायको भूमिका

४.१ विद्यालय र विद्यालय व्यवस्थापन समितिको भूमिकाः-

क.१) प्रचलित शिक्षा ऐन र नियमावलीअनुसार दरवन्दी मिलानमा समन्वय, सहजीकरण र सहयोग गर्न आवश्यक कार्य गर्ने ।

क.२) मिलान गरिएको शिक्षकलाई रमाना र हाजिर भएको जानकारी सम्बन्धितलाई र सम्बन्धित निकायमा दिने ।

४.२ शिक्षक मिलान कार्यदलको भूमिकाः

क. १) विद्यालय व्यवस्थापन समितिलाई दरबन्दी मिलानको जानकारी गराउने कार्य गर्ने।

क. २) दरबन्दी मिलानको विवरण गाउँपालिकालाई सिफारिस गर्ने ।

४. ३) गाउँ कार्यपालिकाको कार्यालयको भूमिकाः

क. १) विद्यालयमा रहेको दरबन्दीको प्रकारसहित विद्यालयलाई प्रमाणीकरण गरी लिखितरुपमा उपलब्ध गराउने ।

क. २) विद्यालयले पेश गरेका कागजात रितपूर्वक भए नभएको छानविन गर्ने ।

४.४ शिक्षा विकास तथा समन्वय इकाईको भूमिकाः

क. १) स्थानीय तहको दरबन्दी मिलानमा आवश्यक समन्यव, सहजीकरण र सहयोग गर्ने ।

क. २) मिलान भएका शिक्षकहरुको अभिलेखीकरण गरी सम्बन्धित निकायहरुमा जानकारी गराउने ।

## परिच्छेद-५
## विविध

५.१ विविधः यस कार्यविधिमा नसमेटिएका विषयहरु शिक्षक सेवा आयोग नियमावली, शिक्षा ऐन, शिक्षा नियमावली, नेपालको संविधान, दरवन्दी मिलान कार्यविधि र गाउँ कार्यपालिकाको कार्यालयले बनाएको शिक्षा सम्बन्धि कार्यविधि अनुसार हुनेछ ।

५.२ संशोधनः यस अघि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ बाझिएमा संशोधन गर्न सकिने छ ।

५.३ खारेजी र बचाउः कुनै कुरा यस कार्यविधिमा ऐन, नियम, कानून र कार्यविधिसँग बाधा पुऱ्याउने भएमा खारेज गर्न सकिनेछ ।

## अनुसूची -१
## विद्यालयमा रहने शिक्षक दरबन्दी तथा विषयगत क्रमहरुः

विद्यालयमा देहाय बमोजिम शिक्षक दरबन्दी रहने छन् :-

(क) पूर्वप्राथमिक तह भएको विद्यालयमा कम्तिमा १ जना शिक्षक

कक्षा १-३ भएको विद्यालयमा कम्तिमा २ जना शिक्षक

कक्षा १-५ भएको विद्यालयमा कम्तिमा ३ जना शिक्षक

क. १) प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सञ्चालन भएको विद्यालयमा पचास जनासम्म विद्यार्थी भएमा कम्तिमा ३ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा ४ जना शिक्षक

(ख) आधारभूत तह कक्षा ६-८ भएको विद्यालयमाः

i. चार जना शिक्षक

ii. कक्षा १-८ कक्षा भएको विद्यालयमा सात जना शिक्षक

ख. १) प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तिमा नौ जना शिक्षक तथा विषयगत दरवन्दीको विषगत क्रमबद्धताः

(i) अङ्ग्रेजी मूल विषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(ii) विज्ञान वा गणित मूल विषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(iii) नेपाली वा संस्कृत मूल विषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(iv) सामाजिक विषय अध्यापन गर्नको लागि प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(v) साविकको एस.एल. सी. वा सो सरह उत्तीर्ण गरेको ५ जना

(ग) माध्यमिक विद्यालयमाः

ग. १) कक्षा ९-१० सम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको ५ जना शिक्षकः

(i) अङ्ग्रेजी मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(ii) गणित वा विज्ञान मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(iii) नेपाली मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(iv) सामजिक विषय अध्ययन गर्नको लागि स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

ग. २) माध्यमिक तह कक्षा ६- १० भएको विद्यालयमा नौ जना शिक्षक विषयक्रम माथिको अनुसार कक्षा ९-१० मा रहेकाको आधारमा रहने ।

ग. ३) माध्यमिक तह कक्षा ९-१२ सम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक तथा विषयक्रम निम्नानुसार हुनेछन् ।

(१) अङ्ग्रेजी मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(२) गणित मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(३) नेपाली मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(४) सामजिक विषय अध्ययन गर्नको लागि स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(६) विज्ञान मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त १ जना

(७) अन्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त २ जना शिक्षक

ग. ४) प्रत्येक विषयका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म आवि र मावि तहमा एउटै विषयमा एकभन्दा बढी शिक्षक नियुक्ति गर्न सकिने छैन् ।

ग. ५) हाल विद्यालयमा उपरोक्तानुसारका विषयका योग्यताभन्दा कम योग्यता भएका स्थायी शिक्षक रहेछन् भने त्यस्ता शिक्षक पदबाट नहटेसम्म साविक बमोजिमकै योग्यता भएका शिक्षकबाट अध्यापन हुने छ।

ग. ६) उल्लेखित दरवन्दी भित्र प्रधानाध्यापकको पद समेत समावेश रहनेछ ।

ग. ७) शिक्षक विद्यार्थी अनुपातको आधार शिक्षा ऐन र नियमावलीले तोकेबमोजिम हुने छ।

## अनुसूची-२

विद्यालयमा तहगत कम्तिमा शिक्षक दरवन्दी देहाय बमोजिम रहने छन्ः-

प्रारम्भिक बाल शिक्षा वा नर्सरीदेखि पाँच कक्षा सञ्चालन भएको विद्यालयमा पचास जनासम्म विद्यार्थी भएमा कम्तिमा तीन जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा चार जना शिक्षक ।

आधारभूत तहको विद्यालयः प्रारम्भिक बाल शिक्षा वा नर्सरीदेखि आठ कक्षा सञ्चालन भएको

विद्यालयमा देहाय बमोजिमका कम्तिमा नौ जना शिक्षकः

(१) अङ्ग्रेजी मूल बिषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना

(२) विज्ञान वा गणित मूल विषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना

(३) नेपाली वा संस्कृत मूल विषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना

(४) सामाजिक विषय अध्यापन गर्नको लागि प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना

(५) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको पाँचा जना

माध्यमिक विद्यालयमाः

१) नौ कक्षादेखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको पाँच जना शिक्षकः-

(i) अङ्ग्रेजी मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

(ii) गणित वा विज्ञान मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

(iii) नेपाली मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

(iv) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

(v) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना,

नौ कक्षादेखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तिमा नौ जना शिक्षकः

(i) अङ्ग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एक जना

(ii) गणित मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एक जना

(iii) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एक जना

(iv) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एक जना

(v) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एक जना

(vi) विज्ञान मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको दुई जना

(vii) अन्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको दुई जना.।

३) प्रारम्भिक बाल शिक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ख) र खण्ड (ग) को उपखण्ड (i) बमोजिमको दरबन्दी रहनेछ ।

४) प्रारम्भिक बाल शिक्षादेखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ख) र (ग) को क्रमसङ्ख्या (ii) बमोजिमको दरबन्दी रहनेछ ।

द्रष्टव्यः (१) खण्ड (ख) को क्रमसङ्ख्या (i) देखि (iv) सम्मका कम्तिमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एकभन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

(२) खण्ड (ग) को उपखण्ड १ को क्रमसङ्ख्या (i) देखि (iv)सम्मका कम्तिमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

(३) खण्ड (ग) को उपखण्ड २ को क्रमसङ्ख्या (i) देखि (vi) सम्मका रिक्तमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एकभन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

(४) शिक्षक नियुक्तिको लागि आवश्यक पर्ने तालिम प्रचलित कानून बमोजिम हुनेछ ।

(५) हाल विद्यालयमा उपरोक्तानुसारका विषयमा योग्यताभन्दा कम योग्यता भएका स्थायी शिक्षक रहेछन् भने त्यस्ता शिक्षक पदबाट नहटेसम्म साविक बमोजिमकै योग्यता भएका शिक्षकबाट अध्यापन हुने ।

(६) उल्लिखित दरबन्दी भित्र प्रधानाध्यापकको पद समेत समावेश रहनेछ ।

## अनुसुची - ३

विद्यालयगत एवम् तहगत रुपमा आवश्यक शिक्षक व्यवस्थापन गर्दा लिइने आधारहरुः

१.१ कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१.१.१ विद्यालयमा २० जना भन्दा न्यूनतम विद्यार्थी सङ्ख्या भएमा १ ओटा दरबन्दी कायम गर्ने ।

१.१.२ विद्यार्थी सङ्ख्या २१ देखि ५० जनासम्म भएमा २ ओटासम्म दरबन्दी ( स्वीकृत / राहत) कायम गर्ने ।

१.१.३ विद्यालयमा ५१ वा सो भन्दा बढी विद्यार्थी भएमा ३ ओटा दरबन्दी कायम गर्ने तर तराई/ उपत्यकामा १५०, पहाडमा १३५ र हिमालमा १२० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी प्रदान नगर्ने। सोभन्दा माथि विद्यार्थी सङ्ख्या भएमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने।

१.२ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालय (प्राथमिक तह) को सम्बन्धमाः-

१.२.१ विद्यालयमा ३० जना भन्दा न्यून विद्यार्थी भएमा २ ओटासम्म दरबन्दी (स्वीकृत / राहत कोटा) कायम गर्ने ।

१.२.२ न्यूनतम विद्यार्थी सङ्ख्या ३१ देखि ८० जनासम्म भएमा ३ ओटासम्म दरबन्दी (स्वीकृत / राहत कोटा) कायम गर्ने ।

१.२.३ विद्यार्थी सङ्ख्या ८१ देखि १२५ जनासम्म भएमा ४ ओटासम्म शिक्षक दरबन्दी (स्वीकृत / राहत कोटा) कायम गर्ने ।

१.२.४ विद्यार्थी सङ्ख्या १२६ जना वा सो भन्दा बढी भएमा ५ शिक्षक दरबन्दी (स्वीकृत / राहत कोटा) कायम गर्ने, तर तराई । उपत्यकामा २५० जना, पहाडमा २२५ जना र हिमालमा २०० जनाभन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि विद्यार्थी सङ्ख्या भएमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

१.२.५ शिक्षक दरवन्दी थपघट हुँदा आधारभूत तह (कक्षा १-५) मा शिक्षा नियमावली अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक व्यवस्थापन समेत गर्ने गरी दरबन्दी मिलान गर्ने ।

१.३ आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः-

१.३.१ विद्यालयमा कक्षा (६-८) सञ्चालन भई विद्यार्थी ५० जनासम्म भएमा न्यूनतम ३ ओटा र ५० भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ४ (अङ्ग्रेजी-१, गणित-/ विज्ञान-१, नेपाली-१, सामाजिक-१, अन्य विषय-१, गरी ४) ओटासम्म आधारभूत तह (कक्षा ६-८) को शिक्षक दरबादी कायम गर्ने ।

१.३.२ शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी सङ्ख्या तथा विषयगत मिलान हुने गरी शिक्षा नियमावली अनुसार कायम गर्ने ।

१.४ माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः-

१.४.१ कक्षा (९-१०) सञ्चालन भएका विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा ४ शिक्षक दरवन्दी र ५० जना भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ५ (अङ्ग्रेजि-१, विज्ञान-१, गणित-१, सामाजिक-१ गरी ५ जना) ओटासम्म माध्यमिक तहको शिक्षक दरबन्दी (स्वीकृत / राहत कोटा) कायम गर्ने ।

१.४.२ शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी सङ्ख्या आधारभूत तह (कक्षा १-५) तथा आधारभूत तह (कक्षा ६-८) माध्यमिक तह (कक्षा ९-१२) विषयगत र विषयगत क्रमबद्धताका आधारमा मिलान हुने गरी शिक्षा नियमावली अनुसार कायम गर्ने ।

१.५ माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः-

१.५.१ माध्यमिक तह (कक्षा ११-१२) का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन" सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधनसहित) अनुसार जिल्लामा उपलब्ध दरबन्दी तथा अनुदान कोटाको आधारमा गर्ने ।

२. दरबन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन सम्बन्धमाः-

२.१ भौगोलिक विकटताको कारणबाट कठिन ठाउँमा रहेको र एकीकरण (Metge) गर्न नसकिने विद्यालयहरुमा आवश्यकता अनुसार बहुकक्षा शिक्षण (Multi Grade teaching) पद्धति बमोजिम शिक्षण गराउने व्यवस्था मिलाउने ।

२.२ उपर्युक्त बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक अनुदान कोटा (राहत) वा दरवन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबैभन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिई शिक्षक कमी भएका विद्यालयहरुमा खटाउने।

२.३ शिक्षक दरबन्दी कटौती गर्दा सर्व प्रथम शिक्षक अनुदान (राहत) कोटा, दरबन्दीमा अस्थायीमा कार्यरत रहेका कनिष्टतम शिक्षकको दरबन्दीलाई र स्थायी भएमा जेष्ठताका आधारमा गाउँ शिक्षा समितिको पुल दरवन्दी कायम गरी मिलान गर्ने।

२.४ विद्यालयमा नियुक्तिको कनिष्टताको आधारमा अस्थायी र त्यसपछि स्थायी शिक्षकको दरबन्दी कटौती गरी पुल दरबन्दी कायम गर्ने ।

२.५ विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भएमा कुनै विद्यालयमा दरबन्दी रिक्त भएको अवस्थामा त्यस्तो दरबन्दीमा नियुक्ति र सरुवा भई आउनका लागि अनुमति नदिई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा राखी दरबन्दी मिलान पश्चात थप गर्नुपर्ने विद्यालयमा मिलान तथा समायोजन गर्ने ।

२.६ सकेसम्म आधारभूत तह र माध्यमिक (कक्षा ६-८ र ९-१२) सञ्चालित विद्यालयमा पठाउने व्यवस्था गर्ने ।

२.७ अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरुले चाहेको शिक्षक विद्यार्थी अनुपात (STR) बढी भएका विद्यालयमा खटाउने व्यवस्था गर्ने ।

२.८ अपाङ्गता भएका बालबालिकाहरुका लागि स्रोतकक्षा सञ्चालित विद्यालयका स्रोत शिक्षकको सम्बन्धमा विशेष शिक्षा सञ्चालन निर्देशिका, २०६२ बमोजिम हुने साथै दरबन्दी मिलान गर्ने क्रममा ज्यादै न्यून विद्यार्थी सङ्ख्या भएका र भौगोलिक समीपमा रहेका विद्यालय / स्रोत कक्षाहरुलाई एकीकरण गर्न (Merging) प्रोत्साहन गर्ने। यसरी एकीकरण भएका दुवै विद्यालयका शिक्षकहरुलाई एकीकृत विद्यालयमा राख्ने र शिक्षक विद्यार्थी अनुपातका दरबन्दी थप हुने विद्यालयमा माथि उल्लेख भए बमोजिम व्यवस्थापन गर्ने ।

२.९ दरबन्दी मिलान गरी कमी वा बढी हुने शिक्षकहरुको विद्यालयगत दरबन्दी विवरण एकीन तथा तयारीका साथै गाउँपालिकागत समष्टिगत विवरण तयार गर्ने।

२.१० दरवन्दी मिलान तथा समायोजनको कार्य गर्दा आधारभूत तह (कक्षा १-५) मा अधिक हुन आउने शिक्षक दरबन्दीलाई तत्काल गाउँपालिकाको पुल दरबन्दीमा ल्याउने र उक्त दरबन्दी मध्येबाट आधारभूत तह (कक्षा ६-८) मा समायोजनका लागि आवश्यक दरबन्दी सङ्ख्या प्रस्ताव गर्ने ।

आज्ञाले

................................

(संजीव कुमार यादव)

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -४

## फेसबुकमा राखिएको दरबन्दी मिलान र पुनर्वितरणका आधारहरुः

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा सानोठिमी, भक्तपुर

प.सं. २०७७/०७८ शि.व्य.

फोनः ६६३५११३

च.नं. १९

Section e-mail:
teachermgt.cehrd@gmail.com

### दरबन्दी मिलान तथा पुनर्वितरणका आधारहरुः-

१) विद्यालयगत रुपमा दरवन्दी गणना सम्बन्धमा उपलब्ध दरबन्दी सङ्ख्या र विद्यार्थी सङ्ख्याका आधारमा देहायका आधारमा देहायका आधारहरु प्रयोग गर्न सकिने ।

क) कक्षागत विद्यार्थीको आधारमा शिक्षक थप गर्दा ४०, ४५ र ५० को ४० प्रतिशत अर्थात ५७,६३ र ७१ भएमा थप शिक्षक प्रदान गर्ने । यो आधार हरेक तहको लागि लागु गर्न सकिने छ ।

ख) कक्षा १-३ सञ्चालन भएको विद्यालय तर २० जना भन्दा कम विद्यार्थी सङ्ख्या भएमा न्यूनतम १ जना, ५० जना सम्म भएमा न्यूनतम २ जना र ५० भन्दा बढी भएमा न्यूनतम ३ जना ।

ग) कक्षा १-५ सञ्चालन भएको विद्यालय तर ३० जना भन्दा कम विद्यार्थी भएमा २ जना, ८० जना भन्दा कम भएमा ३ जना, १२५ जना भन्दा कम भएमा ४ जना र १२५ भन्दा बढी भएमा ५ जना

घ) कक्षा १-६ सञ्चालन भएको विद्यालयको हकमा कक्षा ६ मा जति नै विद्यार्थी भएपनि १ जना शिक्षक र कक्षागत विद्यार्थीको आधारमा बढी विद्यार्थी भए थप शिक्षक प्राप्त हुने ।

ङ) कक्षा १-७ सञ्चालन भएको विद्यालयको हकमा कक्षा ६७ को विद्यार्थी सङ्ख्या जति भएपनि २ जना शिक्षक, कक्षागत विद्यार्थीको आधारमा बढी विद्यार्थी भए थप शिक्षक प्राप्त हुने ।

च) कक्षा १-८ सञ्चालन भएको विद्यालयको हकमा कक्षा ६८ को विद्यार्थी सङ्ख्या ५० भन्दा कम विद्यार्थी भए ३ जना सो भन्दा बढी भएमा ४ जना र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक थप गर्नु पर्दा बुँदा नं. (क) अनुसार हुने ।

पुनश्चः- विद्यालय मर्ज भई विद्यालय घटेको वा विद्यार्थी सङ्ख्या घटेको अवस्थामा माथि उल्लेखित आधारहरुलाई हेरफेर गर्न सकिने छ ।

२) अपाङ्गता भएका विद्यार्थीहरुको लागि साविक देखि स्रोत कक्षा सञ्चालन हुँदै आएको (स्रोतकक्षा सञ्चालनको अनुदान प्राप्त) विद्यालयमा प्रति स्रोत कक्षा १२ (एक) जना प्राथमिक तहको स्रोत शिक्षकको दरबन्दी कायम गरी अन्यको हकमा मात्र दरबन्दी मिलान गर्ने साथै लेखाजोखा केन्द्रको संयोजकको हकमा दरबन्दी जुन स्थानीय तहमा रहेको छ सोही स्थानीय तहमा कायम गर्ने र उक्त दरबन्दीलाई दरबन्दी मिलानमा गणनानगरी यथावत कामकाज गर्ने गरी व्यवस्था मिलाउने ।

३) विशेष शिक्षा परिषद, अन्तर्गत अनुमति स्वीकृती पाई साविक देखि सञ्चालनमा रहेका विशेष विद्यालयमा रहेको शिक्षक दरबन्दी र सामुदायिक विद्यालयमा एकीकृत शिक्षा कार्यक्रमका लागि उपलब्ध भएको विशेष शिक्षा परिषद अन्तर्गतको शिक्षक दरबन्दीलाई दरबन्दी मिलानमा गणना नगरिएको हुँदा सोही विद्यालयमा कामकाज गर्ने गरी व्यवस्थापन मिलाउने।

४) यस केन्द्रको वेब साइटमा प्रकाशित साविकको उच्च माध्यमिक तहको दरबन्दी र अनुदान कोटासङ्ख्यामा फरक परेमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईबाट एकीन गरी स्थानीय तहमा दरबन्दी मिलान/पुनर्वितरण गर्नुपर्नेछ । साथै प्राविधिक धार अन्तर्गतको प्रशिक्षक र सहायक प्रशिक्षकको अनुदान कोटा दरबन्दी मिलान गर्दा गणना नगरिएको हुँदा निजहरुलाई यथावत सोही प्रयोजनमा कामकाज गर्न लगाउने ।

५) स्थानीय तहमा रहेको प्राथमिक तहको पुल दरबन्दी माथिल्लो तहमा वितरण गर्दा विद्यालयको विषयगत आवश्यकता र शिक्षकको माथिल्लो तहको शैक्षिक योग्यता एवम् चाहनासमेतलाई आधार मानी व्यवस्थापन गर्नुपर्नेछ ।